# लालझाडी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

शंकरपुर, कञ्चनपुर, सुदूरपश्चिम प्रदेश

## नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति:२०७८/०५/३०

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ क. र यस लालझाडी गाउँपालिकाको आर्थिक ऐन,२०७८ को दफा १४ को व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुवाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी लालझाडी गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७७/०७८ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही सार्वजनिक खरिद अनुगमन कार्यालयको एकल बिद्युतिय खरिद प्रणाली www.bolpatra.gov.np/egp को माध्यमबाट विद्युतीय प्रति दर्ता गरि बोलपत्र प्रकृयामा सहभागी हुन बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ ।

**तपसिल**

| सि.नं. | सूचना नं./ बोलपत्र नं. | बोलपत्रको नाम | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मू.अ. कर बाहेक) | बोलपत्र दस्तुर (रु.) | बोलपत्र जमानत रकम | बोलपत्र पेश गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|
| १. | LAL/REV/NCB/ 1/2078/079 | दोदा नदीको ग्राबेल ,बालुवा र माटोमा बिक्री रकम संकलन गर्न ठेक्का | ४०,००,००१/- | ३,००० | कवोल अंकको ५% | २०७८/०६/३१ गते १२०० बजे |

**शर्तहरु:**

सार्वजनिक खरिद अनुगमन कार्यालयको एकल बिद्युतिय खरिद प्रणाली www.bolpatra.gov.np/egp बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा पेश गर्न सकने व्यवस्था गरिएको छ ।

बोलपत्र पेश गर्दा तोकिएको बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा नेपाल बङ्गलादेश बैंक चान्देब शाखामा रहेको यस कार्यालयको खाता नं. ग. १.१ आन्तरिक राजश्व खाता-०७७०००१२४१ मा नगद जम्मा गरेको नगद भौचर, धरौटी(बिड बण्ड) बोलपत्र सम्बन्धी कागजात साथ scan गरी संलग्न गर्नुपर्नेछ ।

बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।

बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

बोलपत्र जमानत रकम यस कार्यालयको नेपाल बंगलादेश बैंक, चान्देव शाखामा रहेको ग.३.१. धरौटी खाता नं.०७७०००००८४१ मा जम्मा भएको वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक/ वित्तिय सस्थाबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको हुनु पर्नेछ ।

बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई बोलपत्र पेश गर्ने अन्तिम मिति भित्र यस कार्यालयमा उल्लेखित माध्यमबाट विद्युतीय प्रति दर्ता गर्नु पर्नेछ ।

एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको १४ बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फारममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १५ दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई मु अ. कर सहितको कबोल अंकको प्रथम किस्तावापत ५०% प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । पछिल्ला किस्तावापत ५०% प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०७९ साल श्रावण मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ । कुल कबोल अंकको एक मुष्ट रकम सम्झौताको समयमा नै अग्रिम बुझाएमा औचित्य हेरी कबोल अंकको १०% सम्म छुट दिन सकिने छ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ % भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र वन्दोवस्त गरिनेछ । यस गाउँपालिका वा गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

*(नोटः विस्तृत जानकारीको लागि यस कार्यालयको Website www.laljhadimun.gov.np मा समेत हेर्न सकिनेछ ।)*